बैठक संख्या :- ९० 
मिति :- ०७८।०११४ गते मंगलवार 
समय :- विहान ७.३० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी ढुंगा | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सदस्य सचिव (प्र.प्र.अ) |

निर्णय नं. १ : कमलामाई नगरपालिका, वडा नं. ६ मा रहेको साविक नगरभवन भत्काई अत्याधुनिक नगरभवन निर्माण कार्यको लागी December 11, 2020 मा प्रकाशित बोलपत्रको सूचना अनुसार दर्ता भएका २० (बिस) वटा बोलपत्रहरु मध्ये ९ (नौ) वटा बोलपत्रहरु प्राविधिक मूल्याङ्कनमा सफल भएको । प्राविधिक मूल्याङ्कनमा सफल बोलपत्रदाताहरुबाट पेश भएको आर्थिक प्रस्ताव खोल्दा Valley/Baburatna/Kunwar J.V., Koteshwor, Kathmandu को बोलपत्रको कबोल अंक मू.अ.कर बाहेक रु. ९,३३,०३,०१७।१० (नौ करोड तेत्तिस लाख तिन हजार सत्र रुपैयाँ र दश पैसा) लागत अनुमान मू.अ.कर बाहेक रु. १४,६५,०९,५२२।३२ (चौध करोड पैंसट्ठी हजार पाँच सय बाइस रुपैयाँ र बत्तिस पैसा) भन्दा ३६.३२% ले सबैभन्दा कम भएको हुँदा निजको बोलपत्र स्वीकृतीको मूल्याङ्कन समितिबाट सिफारिस भए अनुसार मिति २०७७/१०/०९ मा राष्ट्रिय दैनीक पत्रिकामा सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागी आशयको सूचना प्रकाशन गरी खरिद सम्झौताको लागी मूल्याङ्कन समितिबाट सिफारिस भए अनुसार नगर कार्यपालिकाको मिति २०७७/१०/२० को निर्णयबाट बोलपत्र स्वीकृत गरी मिति २०७७/१०/२० मा सम्झौताको लागी स्वीकृति पत्र दिइएकोमा जे.भी.को तर्फबाट आधिकारीक प्रतिनिधी कुँवर डेभलपर्स एण्ड बिल्डर्स प्रा.लि. का सञ्चालक गोविन्द कुँवरलाई तोकी निज मार्फत मिति २०७७/११/०३ मा सम्झौता गरि पाउँ भनी सम्बन्धित बोलपत्रदाताले सम्झौताको लागी कार्य सम्पादन जमानीपत्र सहित निवेदन दर्ता भएकोमा सम्झौता तयार गरी नगर विकास कोषमा आवश्यक सुझावको लागी पठाइएकोमा सोही अवधी भित्र मिति २०७७/१२/०५ को प्रशासन दैनीक अनलाइन पत्रिकामा ***"किर्ते आरोपमा भ्याली कन्स्ट्रक्सनका सञ्चालक महर्जन पक्राउ"*** शिर्षकमा प्रकाशित समाचारमा उल्लेख भए अनुसारको व्यहोरा सँग मिल्दो प्रकारको अनुभवको प्रमाण भ्याली कन्स्ट्रक्सनबाट पेश भएको देखिएको हुँदा सो प्रमाणको विषयमा सम्बन्धित संस्था ***"बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति"*** लाई सोधि पठाईएकोमा उक्त समितिको च.नं. ४८२ मिति २०७७/१२/१० मा भ्यालि कन्स्ट्रक्सन प्रा.लि. को नाममा कुनै पनि पत्र प्रेषित नभएको भनी लेखी आएको अवस्थामा मिति २०७७/१२/१३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयमा आवश्यक राय परामर्शको लागी सम्पूर्ण व्यहोरा खुलाई पत्राचार गरिएकोमा कुनै जवाफ प्राप्त नभएको हुँदा मूल्याङ्कन समितिको मिति २०७८/०१/०२ को बैठकबाट निज बोलपत्रदातालाई ठेक्का पार्ने उद्देश्यले किर्ते अनुभव प्रमाण पेश गरेको अवस्थामा सम्झौता गर्नु पर्ने तथा कारवाही नगर्नु पर्ने कुनै कारण भएमा प्रमाण सहित ७ (सात) भित्र स्पष्टिकरण पेश गर्न पत्राचार गर्ने साथै सो सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्ने र सो पश्चात आवश्यक निर्णय गर्ने भनी निर्णय भए अनुसार मिति २०७८/०१/०२ मा नै स्पष्टिकरण पेश गर्ने सम्बन्धी पत्राचार भएकोमा मिति २०७८/०१/०७ मा सम्बन्धित फर्मबाट पेश स्पष्टिकरण पेश भएकोमा पेश भएको स्पष्टिकरणबाट सोधे बमोजिमको जवाफ प्राप्त नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बोलपत्रदाता वा प्रस्तावदाताको आचरण सम्बन्धी व्यवस्थाको उपदफा (२) (ख) मा तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न नहुने लेखिएको अवस्थामा दफा ६३ कालो सूचीमा राख्ने र फुकुवा गर्ने सम्बन्धी व्यवस्थाको दफा (१) (क) मा दफा ६२ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा, (ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालोसूचीमा राख्न सक्ने व्यवस्था भएकोहुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को उपनियम (१) मा उल्लेख भए बमोजिम ठेक्का पार्ने उद्देश्यले किर्ते अनुभवको प्रमाण पेश गरेको हुँदा निज बोलपत्रदाता Valley/Baburatna/Kunwar JV, Koteshwor-32, Kathmandu लाई कालोसूचीमा राख्नको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने र KMU/SIN/Work/NCB/08/077/078, City Hall Construction Work, Kamalamai Municipality-6, Sindhuli को लागी भएको हालसम्मको बोलपत्रको सम्पूर्ण प्रकृया रद्द गरी पुन : बोलपत्रको प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. २ :-** आर्थिक बर्ष ०७६/०७७ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमा माथि दफा गत रुपमा छलफल भयो । सो प्रतिवेदनमा उल्लेख भएका असुल उपर गर्नुपर्ने भनी औल्याएका बेरुजु असुल उपर गर्ने कार्यको थालनी गर्ने, नियमित गर्ने बेरुजु आगामी ०७८/०७९ को नगर सभामा पेश गरी नियमित गर्ने र प्रमाण पेश गर्नु पर्ने बेरुजुहरुको प्रमाण संकलन गरी महालेखा परीक्षकको कार्यालयमा प्रतिक्रिया मार्फत वेरुजू सपरीक्षणको लागि लेखि पठाउने ।

**निर्णय नं.३ :-** कमलामाई नगरपालिकाको राजश्व परामर्श समितिको मिति ०७८/०१/११ गते बसेको बैठकबाट सिफारिस भई आएको निम्न निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क. वडा नं.३ को सोलाभन्ज्याङमा निर्माण भएको प्रतिसटर भाडा मासिक न्यूनतम रु.५०००। -पाच हजार) कायम गरी सूचना आव्हान गर्ने ।

ख. वडा नं.९ भिमानको ईनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाटको आ.व.०७८/०७९ को लागि न्यूनतम अंक रु.५०००००। -पाच लाख) कायम गरी सूचना आव्हान गर्ने ।

ग. वडा नं.६ को माढी बजारमा प्रत्येक शनिवार लाग्ने हाटको आर्थिक बर्ष ०७८/०७९ को लागि न्यूनतम अंक रु.८०००००। -आठ लाख) कायम गरी सूचना आव्हान गर्ने ।

घ. वडा नं.को बसपार्कमा पार्किङ गर्ने सवारी साधनहरुमा आ.व.०७८/०७९ को लागि न्यूनतम अंक रु.२२१२०००। -बाईस लाख बाह्र हजार) कायम गरी सूचना आव्हान गर्ने ।

**निर्णय नं. ४ :-** दिन प्रतिदिन वढदै गई रहेको कोभिड- १९ वाट सुरक्षित गर्न को लागि विपद / कोराना व्यवास्थापन कोष वाट खर्च हुने गरी सनिटाई जार १०० एमएल को १००० पिस , मास्क १००० वक्स ,ग्लोव १००० वक्स र डोरी, वुट कभर ,प्लाष्टिक र फेससिल्ड को लागि अनुमानित रु.दश लाख सम्मको खरिद गर्ने ।

**निर्णय नं. ५:-** वागमति प्रदेश ,प्रदेश निति तथा योजना तथा आयोग वाट मिति २०७८।०१।०३ को प्राप्त पत्र अनुसार आवधीक योजना र मध्यमकालिन खर्च संरचना तर्जुमा गर्न को लागि रु.५०००००।- नगरपालिकाको तर्फ वाट व्यहोर्ने प्रतिवद्धता सहित सहमति पठाउने निर्णय गरियो ।

**निर्णय नं.६ :-** प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत को कार्यक्रम संचालनको लागी लागत सोझदारीको लागि वाड विनियोजीत वजेट रु. दुई लाख उक्त योजना निर्माण नुहेन भएको हुँदा अधुरो रहेको वडा नं. ४ आहाले सिढि निर्माण योजना कार्यान्वयन गर्ने ।

**निर्णय नं.७ :-** चालु आर्थिक वर्ष को वडा नं. २ अन्तरगत त्रिपेरश्वर मन्दिर जखनी ईनार निर्माण रु.१५००००।- लाई सशोधन गरी त्रिपुरेश्वर महादेव मन्दिर मा ठाटी निर्माण गर्न रु.१५००००।- योजना संचालन गर्ने ।

**निर्णय नं.८ :-** कमलामाई नगरपालिका क्षेत्रभित्र संचालित गैर सरकारी संस्थाहरुलाई आगामि आर्थिक वर्षमा नगरपालिका संग सहकार्यमा कार्यक्रम संचालन ईच्छुक गैर सरकारी संस्थाहरुलाई आगामी नगर सभामा वजेट तथा कार्यक्रम पेश गर्न को लागि सूचना आव्हान गर्ने ।

**निर्णय नं.९ :-** कमलामाई नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वे को सम्वन्धमा तपसिल वमोजिम समिति गठन गरी सो कार्यका लागि नगरपालिको चालु शिर्षकमा विनियोजति भैपरी आउने वजेट वाट रु. ५०००००।- (पाच लाख) विनियोजन गरी नियमानुसार वैठक भत्ता पाउने गरी सर्वे प्रतिवेदन तयार गर्ने ।

तपसिल

१. श्री विशकसेन ढकाल - संयोजक
२. श्री सत्यदेवी अधिकारी - सदस्य
३. श्री टेकेन्द्र कुमार कार्की - सदस्य
४. श्री सागर कुमार ढकाल - सदस्य
५.श्री सुशिल कुमार वर्मा - सदस्य
६. श्री विनोद वावु खकुराल - सदस्य
७. श्री भुपेन्द्रध्वज वस्नेत - सदस्य सचिव

**निर्णय नं.१०** :- कमालामाई नगरपालिका वडा नं. ६ स्थित निर्माण भएका स्टल वजारहरु पुरानो भई भुकम्प कारण वाट समेत जोखिम रहेकोले त्यसवाट हुने क्षति व्यवस्थापन गर्नको लागि स्टल वजारमा भाडा लिई वसेको व्यापरीहरु संग भएका सम्झौता ,नविकरण लगायतका यथार्थ विवरण संकलन गर्ने कार्य लाई अगाडी वढाउने ।

**निर्णय नं.**११ :- कमालामाई नगरपालिका वडा नं. १० मा वडा कार्यालयको सिफारिसमा संघीय सर्शत वाट प्राप्त वजेट वाट गोवर ग्यास प्लान्ट निर्माण गर्ने ।

**निर्णय नं.**१२ :- कमालामाई नगरपालिका क्षेत्रभित्र वडा गत रुपमा विपद व्यवस्थापन पहिचानको लागि विपद नङ्सांकन तयार गर्ने ।

**निर्णय नं.**१३:- निम्न अनुसार आर्थिक सहायता वापत रकम उपलब्ध गराउने ।

| सि.न. | नाम,ठेगाना | रकम |
|---|---|---|
| १ | चन्द्रमाया वुडाथोकि - १० | १५०००।- |
| २ | रुमा आछामे -४ | १५०००।- |
| ३ | सुनिता वि.क.-३ | २५०००।- |
| ४ | सुर्य बहादुर डिम्डोङ्ग | ३००००।- |
| ५ | केदार प्रसाद धिताल -१३ | ३००००।- |
| ६ | निर कुमारी थापा -७ | २५०००।- |
| ७ | रोम बहादुर कार्की | २५०००।- |

**निर्णय नं.१४:-** तपसीलमा उल्लेखित योजना हरुको विस्तृत आयोजना सर्वेक्षण तयार गर्ने ।

| सि.न. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | लक्ष्मण चोक हुस्से जसेदमार हुदै पानीटयांकी सडक निर्माण - ६ | |
| २ | आजाद पिकनिक स्पोर्ट क.न.पा.१० दोभान | |
| ३ | शिखर डाडा हुदै हरी थुम्का सडक - ७ | |
| ४ | ग्वाङखोला करिडोर निर्माण क.न.पा.६ | |
| ५ | माथिल्लो रानीवास रिङ्गरोड - १३ | |
| ६ | लव्दा खोला करिडोर - ४ | |
| ७ | शिव मन्दिर हुदै दलित वस्ती सडक -१० | |
| ८ | क्याम्पस चोक मल्लागाँउ हुदै शिद्ध वावा मन्दिर सम्म सडक - ४ | |
| ९ | खिरखिरे खहरे कमला नदि ड्याम - १३ | |
| १० | विपि सडक वाट माफी डाडा सडक -७ | |
| ११ | ढोका डाडा वाट लाटे थुम्का - ७ | |
| १२ | कमलाखोला करीडार वडा ८ देखी १४ वडा सम्म | |
| १३ | भीमान खोला करीडोर -९ | |
| १४ | सानो भुलवाही खोला -९ | |
| १५ | सुकेखोला करीडारे -९ | |
| १६ | गौरव चोक माफपधेरो शिद्धेश्वर खानेपानी - सुर्योदय वोर्डिङ्ग - कैलास नगर | |
| १७ | थापा चोक पुरानो जनता वोर्डिङ्ग हुदै अधेरी पुल -६ | |

**निर्णय नं.१५ :-** प्रदेश सरकारको शर्सत बजेट अन्तरगत को स्थानीय /सहकारी । समुह । निजी क्षेत्रको सहकार्यमा तरकारी तथा फलफुल संकलन केन्द्र विक्रि कक्ष सहितको हाट वजार निर्माण को लागि प्राप्त रु.दश लाख क.न.पा.९ भिमान वजार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ प्रधानमन्त्रि कृषि आधुनिक परीयोजना अन्तरगतबाख्रको साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास संघिय स सर्त कार्यक्रम संचालनका लागी पकेट क्षेत्र संचालनका लागी उपलब्ध गराएको निर्देशिका अनुसारको प्राविधिक समिति नगरको कृषि समितिको मिति २०७७/०७/१८ गठन गरेको र उक्त प्राविधिक समितिले पकेट क्षेत्र छनौट गरी बाख्राको लागी प्राप्त कार्यक्रम संचालन गर्न सूचना आव्हान समेत गर्दा कमलामाई नगरपालिका वडा नं. ११ र १२ को भिरगाउँ,खडकुले,शिरुडाडा,टंसार, कबासे,बाझे,सालडाडा,फलामे र धाडलेलाई कार्यक्षेत्र निर्धारण गरी सुनौलो बिहानी कृषि तथा उद्धमशिल सहकारी संस्था को प्रस्ताव प्राविधिक संस्थाले छनौट गरेकाले उक्त संस्थालाई ५०% अनुदानमा बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन गर्न निर्णय गरियो ।

निर्णय नं. १७ संघ र प्रदेशको स सर्त वजेटमा लागत समझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम रहेको र प्राप्त निर्देशिका बमोजिम कृषि समितिको मिति २०७७/०७/१८ गतेको बैठकबाट गठन भएको कार्यदलबाट निर्णय भए अनुसार सूचना प्रकासन भइ प्राप्त प्रस्तावहरुको निर्देशिका बमोजिम मूल्यांकन गर्दा गौरीशंकर कृषक समुहक.न.पा. १०, गौमाता गाई पालन समुह क.न.पा. ५, राजदेवी कृषि तथा पशुपालन दुग्ध उत्पादक सहकारी संस्था क.न.पा. ५, छनौट भएको र उक्त संस्थाहरुलाइ तपशिल बमोजिमको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न निर्णय गरियो ।

तपशिल,

| | |
|---|---|
| १. संघको बजेट | २१,३३,०००।० |
| २. प्रदेशको बजेट | १२,५०,०००।० |
| ३. नगरपालिकाको बजेट | १६,९१,५००।० |
| ४. लाभान्वीत संस्थाको बजेट | १६,९१,५००।० |
| **जम्मा** | **६७,६६,०००।००** |

माथिको बजेटलाई आधार मानी राजदेवी कृषि तथा पशुपालन दुग्ध उत्पादक सहकारी संस्था क.न.पा. ५ लाई ५० % , गौमाता गाई पालन समुह क.न.पा. ५ लाई ३० % र गौरीशंकर कृषक समुहक.न.पा. १०लाई २० % बजेट बिनियोजन गरी निर्देशिका अनुसार कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ :- महिला हिंसा लैंगिक निवारण कार्यविधि,२०७७ मा निम्न अनुसार समिति थप गर्ने ।

लैंगिक हिंसा निवारण नगर समन्वय समितिका पदाधिकारीहरु :-

| | | |
|---|---|---|
| १ | नगर -प्रमुख | प्रमुख संरक्षक |
| २ | नगर उप -प्रमुख | संयोजक |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि | सदस्य |
| ५ | जिल्ला प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ६ | शिक्षा शाखा प्रमुख वा अधिकृत प्रतिनिधि | सदस्य |
| ७ | स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ८ | नेपाल पत्रकार महासंघ अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ९ | नगर पालिकाको कानुन अधिकृत | सदस्य |
| १० | महिला बालबालिका उप-शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ११ | लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट तत्काल उद्धार तथा राहत समितिले तोकोको संस्थाको एक जना प्रतिनिधि | सदस्य |
| १२ | एक द्वार संकट व्यबस्थापन केन्द्र (OCMC) प्रतिनिधि | सदस्य |
| १३ | सामाजिक विकास शाखा प्रमुख | सदस्य - सचिव |